बैठक संख्याः ४

आज दिनाङ्क २०७९ साल भाद्र २७ गते सोमबारका दिन यस बुढीगंगा नगरपालिकाका नगरप्रमुख श्री राम बहादुर बानियाँ ज्यूको अध्यक्षतामा प्रथम नगरसभा( २०७९) तपशिल बमोजिमका नगरसभा सदस्यहरुको उपस्थितिमा सम्पन्न गरियो ।

तपशिल

| क्र.स. | नाम/थर | पद | सम्पर्क नं | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | राम बहादुर बानीयाँ | नगर-प्रमुख | ९८४८६०९१२३ | |
| २ | माया खड्का कुँवर | नगर-उपप्रमुख | ९८४८५४०३७२ | |
| ३ | रण बहादुर थापा | वडा नं १ वडा अध्यक्ष | ९८४१८०८४६७ | |
| ४ | पदम भण्डारी | वडा नं २ वडा अध्यक्ष | ९८४८४८०२८६ | |
| ५ | खडक बहादुर अधिकारी | वडा नं ३ वडा अध्यक्ष | ९८४८६०९२३० | |
| ६ | मिन बहादुर शाह | वडा नं ४ वडा अध्यक्ष | ९८६८८१३२३२ | |
| ७ | चक्र बहादुर थापा | वडा नं ५ वडा अध्यक्ष | ९८४६२८२१७० | |
| ८ | हेमराज जैशी | वडा नं ६ वडा अध्यक्ष | ९८४८६४४७२५ | |
| ९ | भुवनसिंह के.सि. | वडा नं ७ वडा अध्यक्ष | ९८६५६६८२९५ | |
| १० | रमेश रावल | वडा नं ८ वडा अध्यक्ष | ९८४८६४८४९२ | |
| ११ | मिन बहादुर सिंह | वडा नं ९ वडा अध्यक्ष | ९८६७७३४६४६ | |
| १२ | दल बहादुर साउँद | वडा नं १० वडा अध्यक्ष | ९८५१२११९०१ | |
| १३ | शुसिला कुमारी मिजार | कार्यपालिका सदस्य | ९८४८६४४०४९ | |
| १४ | सर्पजित सार्कि | कार्यपालिका सदस्य | ९८४८६४५०९४ 28 | |
| १५ | विष्णु उखेडा | कार्यापालिका सदस्य | ९८६५५६०८६७ | |
| १६ | अप्सरा थापा | कार्यपालिका सदस्य | ९८६५५३४१८६ | अप्सरा |
| १७ | निरुता सुनार | कार्यानालिका सदस्य | ९८६५६९१६११ | Nirula |
| १८ | वसन्ती पाध्याय | कार्यपालिका सदस्य | [illegible] | वसन्ती |
| १९ | प्रेम नेपाली | कार्यपालिका सदस्य | ९८६४९९४४९३ | |
| २० | बुदी नेपाली | कार्यपालिका सदस्य | | |
| २१. | नरेन्द्र नाथ | प्रमुख प्रशासकीय अधिकृत | | |

CamScanner

**बुढीगंगा नगरपालिका**
**नगरकार्यपालिकाको कार्यालय**
**कुल्देवमाण्डौ बाजुरा**

प्रशतावहरु

| क्र.स. | प्रशतावहरु | विश्लेषण | कानूनी आधार | शाखाको राय |
|---|---|---|---|---|
| १ | विभिन्न ऐन नियम तथ कार्यविधिहरु अनुमोदन सम्बन्धी सम्बन्धी | शासन विकास तथा सेवा प्रवाहलाई प्रभावकारी बनाउन | नेपालको संविधान स्थानिय सरकार संचालन ऐन र विषयगत कानूनहरु | |
| २ | विज्ञपन डि पि आर ठेक्का सम्बन्धी | | | |
| ३ | बार्जुगाड पुलका सम्बन्धमा | | | |
| ४ | १५ शैयाको हस्पिटल सम्बन्धमा | सम्झौता भएको १ बर्ष विति सक्दा पनि निर्माण कार्य सुरु हुन नसकेको | | |
| ५ | वडाहरुबाट सामाजिक सुरक्षा भता वितरण सम्बन्धमा | | | |
| ६ | नगरप्रोफाईल निर्माण सम्बन्धमा | | | |
| ७ | भाडा दर र रुट पर्मिट सम्बन्धमा | बुढीगंगा नगरपालिका ई रिक्सा कार्यविधिलाई व्यवस्थित गर्नका लागि | नेपालको संविधान स्थानिय सरकार संचालन ऐन र विषयगत कानूनहरु | |
| ८ | करार कर्मचारी भर्ना | भाद्र भित्र पुराना कर्मचारीको करार थप गर्नुपर्ने कानूनी व्यवस्था | | |
| ९ | प्राविधिक भता सम्बन्धमा | प्राविधिक जनशक्ति थपको लागि विज्ञापन गरिसकेको सन्दर्भमा भत्तामा पुनर्विचार | | |
| १० | विद्यालय कर्मचारी र प्रारम्भिक वाल विकास सहजकर्तालाई तलव सम्बन्धमा | साउनबाट प्रति कर्मचारी ७००० थप्ने | | |
| ११ | बेरुजु फर्छ्यौट सम्बन्धमा | विगतको वेरुजुलाई यस नगरपालिको लेखा समितिबाट आवश्यक छानविन गरि अनियमित वेरुजुलाई नियमित गर्न | | |
| १२ | स्वास्थ्य बिमा सम्बन्धि | संयोजन समिति/संचालन समति | | |
| १३ | विभिन्न संञ्जालहरुको गठन सम्बन्धमा | | | |
| 14 | विविध | | | |

मितिः२०७९/०५/२५

2079/05/26

निर्यण नं १

प्रश्ताव नं १ माथि छलफल गर्दा तपशिल बमोजिमका ऐन/कार्यविधि/निर्देशिकाहरु अनुमोदन गर्ने निर्णय पारित गरियो ।

निर्णय नं २

प्रश्ताव नं २ माथि छलफल गर्दा

(क) वडा नं २ को वडा कार्यालयका लागि वडाले जग्गाको व्यवस्थापन गर्ने र वडा नं २ र वडा नं ९ को वडा प्रशासनिक भवनको ठेक्का प्रक्रिया अगाडि बढाउने

(ख) ब्रहमतोला खेल मैदान - डि पि आर निर्माण

(ग) ताप्रिसेरा गाविसं भवन हुदै मुसि सम्म सडक निर्माण - डि पि आरु निर्माण

(घ) वेतालमाण्डौ-त्रिशक्ति देखि जुवापानी सडक खण्ड - डि पि आर तयार भईसकेंकाले शाखा सडक पिचका लागि नेपाल सरकार सहरी विकास मन्त्रालयलाई निर्माण कार्यका लागि अनुरोध गर्ने ।

(ङ) बाम्का नगरपालिका देखि डेल्टा सडक - डी पि आर तयार भईसकेकाले प्रदेश सरकार भौतिक पुर्वाधार विकास मन्त्रालय र पूर्वाधार विकास शाखा साफेबगर लाई पिच सडक निर्माणका लागि अनुरोध गर्ने

(च) कन्सर्न देखि वडा नं २ को वडा कार्यालयसम्मको सडक खण्ड - ठेक्का कार्य अगाडि बढाउने

(छ) त्रिशक्ति माध्यामिक विद्यालयको छात्रवास निर्माण - ठेक्का कार्य अगाडि बढाउने

निर्णय पारित गरियो ।

निर्णय नं ३

प्रश्ताव नं ३ माथि छलफल गर्दा सम्झौता भएको ७ वर्ष हुदाँ पनि बार्जुगाड पुलको ठेक्का समयमै कार्य सम्पन्न नगरेकाले सडक विभागलाई ठेक्का रद्द गरी कारवाहिको लागि अनुरोध गर्ने निर्णय पारित गरियो ।

निर्णय नं ४

प्रश्ताव नं ४ माथि छलफल गर्दा ठेक्का भई सम्झौता भएको १ वर्ष जादा पनि काम सुचारु नभएको १५ शैयाको अस्पताल १ महिना भित्र काम सुचारु नगरे एकतर्फि रुपमा ठेक्का रद्द गरि कारवाहीको प्रकृया अगाडी बढाउने निर्णय पारित गरियो ।

निर्णय नं ५

प्रश्ताव न ५ माथि छलफल गर्दा बुढीगंगा नगरपालिकाका १० वटै वडाहरुबाट सामाजिक सुरक्षा वितरण गर्न एक जना सहजिकरण व्यक्ति तोकेर सुरक्षा लगायतका सम्बन्धित निकायका प्रतिनिधिहरुको सहभागितमा मिनि बैङ्किङ सेवा (वि एल वि सेवा )संचालन गर्ने निर्णय पारित गरियो ।

निर्णय नं ६

प्रश्ताव नं ६ माथि छलफल गर्दा डिजिटल सिस्टमको ई-विडिङ प्रणालीबाट बुढीगंगा नगरपालिकाको नगर प्रोफाइल निर्माण कार्य अगाडी बढाउने निर्णय पारित गरियो ।

निर्णय नं ७

प्रश्ताव नं ७ माथि छलफल गर्दा यस नगरपालिकामा संचालित अटो तथा ई रिक्साहरुको भाडा दर तथा रुट पर्मिट तततत् व्यवसायीहरुसंग छलफल गरि निर्धारण गर्ने निर्णय पारित गरियो ।

२०७३/०५/१८

**बुढीगंगा नगरपालिका**
**नगरकार्यपालिकाको कार्यालय**
**कुल्देवमाण्डौ बाजुरा**

विभिन्न कार्यविधिहरु

१.स्थानिय तह स्वास्थ्य बिमा संयोजन समिति गठन/संचालन कार्यविधि ।

२.बुढीगंगा नगरपालिका खेलकुद विकास समिति संचालन कार्यविधि ।

३. शिक्षक दरबन्दि मिलान तथा समायोजन कार्यविधि ।

४. जल उपयोग सम्बन्धि निर्देशिका ।

५.पालिकाको नदिजन्य पदार्थको संकलन एव विक्रि वितरण सम्बन्धि कार्यविधि

६.बजार व्यवस्थापन ऐन ।

७.संस्था दर्ता सम्बन्धी ऐन ।

८.अटो रिक्सा तथा ई रिक्सा व्यवस्थापन निर्देशिका ।

९. स्थानिय तहको वातावरण तथा प्राकृतिक स्रोतको संरक्षण सम्बन्धि ऐन ।

१०. प्रारम्भिक वातावरणीय परीक्षण कार्यवविधि ।

११.उपभोक्ता समिति गठन परिचालन तथा व्यवस्थापन सम्बन्धि कार्याविधि ।

१२. आफ्नो वडा आफै बनाउ कार्यविधि ।

१३. आपतकालिन कार्यसंचालन कार्यविधि ।

२०८३।०६।२८

CamScanner

प्रश्ताव नं ८ (क) माथि छलफल गर्दा उद्यम विकास शाखामा कार्यरत सहजकर्ता तथा सि एम सि नेपाल र यस बुढीगंगा नगरपालिकाको साझेदारीमा संचालित कार्यक्रममा कार्यरत मनोसामाजिक संयोजक र सहजकर्ताको सम्झौता साउँन महिनादेखि थप नगर्ने र विज्ञापन भईसकेका पदको अनुमोदन गर्ने र तपशिलका पदमा नयाँ विज्ञापन गर्ने निर्णय पारित गरियो ।

तपशिल

१. रोजगार सहायकः १ जना

२. अनमि- २ जना

३. कृषि तथा भेटेनरीशाखामा अधिकत छैटौ- १/१ जना

४. सव ईन्जिनियर र अ. सव-ईन्जिनियर - ३ जना सव-ईन्जिनियर र २ जना अ.सव.ईन्जिनियर

५. उद्यम विकास सहजकर्ता- २ जना

(ख) यस पालिकामा कार्यरत करार कर्मचारीहरुको आवश्यकताअनुसार करार सम्झौता गर्ने र कार्यसम्पादन सन्तोषजनक नभएका कर्मचारीको हकमा सोहि अनुरुप करार सम्झौता गर्ने निर्णय पारित गरियो ।

निर्णय नं ९

प्रश्ताव नं ९ माथि छलफल गर्दा थप प्राविधिक करार विज्ञापन गरिसकेकाले यस अगाडि उपलब्ध गरिदै आएको प्राविधिक भत्ता उपलब्ध नगराई कामको आधारमा कर्मचारीहरुलाई प्रोत्साहित गर्ने निर्णय पारित गरियो ।

निर्णय नं १०

प्रश्ताव नं १० माथि छलफल गर्दा विद्यालय कर्मचारी र प्रारम्भिक वाल विकास सहजकर्ताहरुलाई प्रति कर्मचारी प्रति महिना यस पालिकाबाट साउनदेखि लागु हुने गरि रु ७००० उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं ११

प्रश्ताव नं ११ माथि छलफल गर्दा विगददेखिको यस पालिकाको बेरुजु रकमलाई फछ्यौंट गर्न लेखा समितिलाई छानविन गर्न जिम्मा दिने निर्णय पारित गरियो ।

निर्णय नं १२

प्रश्ताव नं १२ माथि छलफल गर्दा वेतालमाण्डौ-त्रिशक्ति देखि जुवापानी सडक खण्ड,बाम्का नगरपालिका - डेल्टा सडक खण्ड, बाम्का नगरपालिका सडक, ताप्रिसेरा ब्रहमतोला सडक खण्ड लगायतका साखा सडक खण्डको कालोपत्रेका लागि प्रदेश तथा संघिय सरकारलाई बजेट व्यवस्थापनका लागि माग गर्ने निर्णय पारित गरियो ।

निर्णय नं १३

प्रश्ताव नं १३ माथि छलफल गर्दा यस बुढीगंगा नगरपालिकामा नगरस्तरमा संचालित विभिन्न संञ्जालहरुको गठन कार्य अगाडी बढाउने निर्णय पारित गरियो ।

निर्णय नं १४ विविध

२०७९/०४/२८

प्रश्ताव नं १४ (क) माथि छलफल गर्दा व्यवसाय दर्ता ऐन २०७९ कार्यान्वन भईसकेकाले अन्य निकायमा दर्ता भएका र हाल सम्म संचालनमा रहेका व्यवसायहरुपनि यहि ऐन अन्तर्गत दर्ता गर्न जानकारी गरिने निर्णय पारित गरियो ।

(ख) आर्थिक वर्ष ०७९/०८० को नवप्रर्वतन साझेदारी कोष कार्यान्वयन निर्देशिका २०७८ बमोजिम मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय धनगढी कैलाली नेपालको मिति २०७८/११/१५ गतेको प्रकाशित सुचना बमोजिम नवप्रवर्तन कार्यक्रम कार्यान्वयनको लागि बुढीगंगा नगरपालिकाको आन्तरिक आयमा वृद्धी दिगो विकास र समग्र मुलुको समृद्धिका लागि कृर्षि तथा पशुपन्छि क्षेत्रको आधुनिकिकरणका लागि प्रश्तावना नामक परियोजनामा यस नगरपालिकाको तर्फबाट २५ प्रतिशत लागत साझेदारी सहित कार्यान्वयन गर्ने गरी अवधारणा पत्र पेश गर्ने निर्णय गरियो र सो कार्यमा सहजिकरणका लागि तपशिल अनुसारको समिति गठन गर्ने निर्णण गरियो ।

तपशिलः

| | |
|---|---|
| संयोजकः श्री राम बहादुर बानियाँ | नगर-प्रमुख |
| सदस्यः श्री हेमराज जैशी | कार्यपालिका सदस्य |
| सदस्यः श्री चक्र बहादुर थापा | कार्यपालिका सदस्य |
| सदस्यः श्री प्रेमराज जैशी | पशु शाखा प्रमुख |
| सदस्यः श्री दिपक बहादुर थापा | कृर्षि शाखा प्रमुख |
| सदस्य सचिवः श्री नरेन्द्र नाथ | प्रमुख प्रशासकीय अधिकृत |

फोकल पर्शन- नरेन्द्र नाथ - प्रमुख प्रशासकीय अधिकृत

२०८१/०६/२६

CamScanner